# सत्यवती मन्दिर (बाटाकाचौर बागलुङ) को ऐतिहासिक धार्मिक एवं पर्यटकीय महत्वः एक अध्ययन

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत इतिहास विषयको स्नातकोत्तर तह द्वितीय वर्षको छैटौं पत्रको प्रयोजनका लागि प्रस्तुत

# शोध-पत्र

**शोधार्थी**

नरिनारायण पौडेल

त्रि.वि.दर्ता नं. ५०२१९-८९

परीक्षा रो.नं. ४८००४५

कक्षा रो.नं.०३/०६५

इतिहास तथा संस्कृति विभाग

पृथ्वीनारायण क्याम्पस पोखरा

२०७२

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
पृथ्वीनारायण क्याम्पस
PRITHVI NARAYAN CAMPUS
520142
520143
520389
523462
526837
527440
531944
पत्र संख्या :
चलानी नं.
(इतिहास तथा सँस्कृति विभाग)
भीमकाली पाटन, पोखरा, नेपाल
Bhimkali Patan, Pokhara, Nepal

**विषय : सिफारिस - पत्र**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय इतिहास विषयको स्नातकोत्तर तहको पाठ्यक्रम अनुरुप **श्री नरिनारायण पौडेलले** "सत्यवती मन्दिर (बाटाकाचौर बागलुङ) को ऐतिहासिक धार्मिक एवं पर्यटकीय महत्व : एक अध्ययन" शीर्षकको शोधपत्र मेरो प्रत्यक्ष निर्देशन तथा सुपरीवेक्षणमा तयार पार्नुभएको हो । धेरै परिश्रम पुर्वक तयार पारिएको यस शोधकार्यबाट म सन्तुष्ट छु । प्रस्तुत शोधपत्रको उचित मूल्याङ्कनका लागि शोध पत्र मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

------------------------

मिति : २०७२/१२/१५

सह-प्राध्यापक डा. राधा भण्डारी
(शोध-निर्देशक)
इतिहास तथा संस्कृति विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
पृथ्वीनारायण क्याम्पस
PRITHVI NARAYAN CAMPUS
520142
520143
520389
523462
526837
527440
531944
पत्र संख्या :
चलानी नं.
( इतिहास तथा सँस्कृति विभाग )
भीमकाली पाटन, पोखरा, नेपाल
Bhimkali Patan, Pokhara, Nepal

# स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, इतिहास विषयको स्नातकोत्तर तहको पाठ्यक्रम अनुरुप श्री नरिनारायण पौडेलद्धारा “सत्यवती मन्दिर (बाटाकाचौर बागलुङ) को ऐतिहासिक धार्मिक एवम् पर्यटकीय महत्व : एक अध्ययन” शीर्षकमा तयार पारिएको शोधपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१ विभागीय प्रमुख :- प्रा. डा. दिल बहादुर क्षेत्री

२ बाह्य परीक्षक :- शि. स. लक्ष्मण श्रेष्ठ

३ शोध निर्देशक :- सह प्रा. डा. राधा भण्डारी

मिति २०७२।१२।२९

# प्राक्कथन

विश्व मानचित्रलाई नियाल्ने हो भने भौगोलिक आधारमा नेपाल एक सानो राष्ट्रको रुपमा प्रतिविम्वित छ । भौगोलिक आधारमा सानै भएता पनि अनेकतामा एकतालाई आत्मसात् गर्दै बहुभाषिक, बहुसाँस्कृतिक एवम् बहुजातीय राष्ट्रको रुपमा परिचित हुनाले हाम्रो राष्ट्रियताको गरिमालाई बढाएको छ । फलतः लाखौ पर्यटक सानो नेपालको विशालतामा विचरण गर्न आतुर देखिन्छन् ।

मेरो यस शोधपत्रमा धार्मिक, साँस्कृतिक भाषिक आदि सबै महत्वका स्थानहरुलाई अध्ययनको दायराभित्र समाहित गर्न नसके तापनि "सत्यवती मन्दिर (बाटाकाचौर बागलुङ) को ऐतिहासिक धार्मिक एवम् पर्यटकीय महत्व : एक अध्ययन" शीर्षक अन्तरगत धौलागिरी अञ्चल बागलुङ् जिल्ला बाटाकाचौर गा.वि.स.वार्ड नं.९ मा अवस्थित श्री सत्यवती मन्दिर परिसरको यथा सम्भव सूक्ष्म अध्ययन गर्ने जमर्को गरेको छु । अध्ययनको क्रममा यस मन्दिरको विशेषता स्थानीय एवम् बाह्य क्षेत्रको सामाजिक, साँस्कृतिक, धार्मिक तथा वातावरणमा पारेको प्रभावलाई प्रकाश पार्ने प्रयास गरिएको छ । देशमा विविध मठ मन्दिर एवम् सम्पदाहरु भएता पनि सोहि मन्दिरको अध्ययनको बिषय बनाउनुका पछाडि यस पवित्र स्थलको लामो इतिहास धार्मिक तथा सामाजिक पर्यटकीय महत्व हुँदा हुँदै पनि स्थानीयवासीहरु मन्दिरको बारेमा अनविज्ञ भएको हुदा यस शोधपत्र मार्फत यसक्षेत्रको महिमा एवम् सामाजिक महत्वलाई उजागर गर्ने क्रममा एक ईटा थप्न लालायित छु । फलतःभावि पुस्ताले पाश्चात्य सँस्कृतिको खोल ओढेर आफ्नै आँगनको गरिमा नबिर्सिउन भन्ने अभिप्रायले यो कार्य गरिएको  हो । अध्ययन एक अनवरत सिलसिला हो, जो आफैमा पूर्ण हुन सक्दैन किनकि यो अति बृहत र असीमित हुन्छ । समय परिवर्तनशील छ, जसले आजको यथार्थतालाई भोलि अर्कै मोंड दिन पनि सक्दछ । शोधपत्रलाई यथासम्भव गुणस्तरीय र यथार्थपरक बनाउन खोजिएता पनि गल्ती र अल्पदृष्टि देखिने सम्भावना रहिरन्छन् । तसर्थ केहि कमिकमजोरी रहेमा क्षमाप्रार्थी छु । प्रथमत : "सत्यवती मन्दिर (बाटाकाचौर बागलुङ) को ऐतिहासिक धार्मिक एवम् पर्यटकीय महत्व : एक अध्ययन" शीर्षकमा अध्ययन गर्ने अवसर दिएकोमा त्रिभुवन विश्वविद्यालय, मानविकी संकाय इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पस, प्रति कृतज्ञता ज्ञापन गर्दछु । यस निकायसँग प्रत्यक्ष वा अप्रत्क्ष रुपमा सम्वन्धीत सम्पूर्ण महानुभावप्रति मेरो साधुवाद छ ।

विशेषत अध्ययनको क्रममा अथाह उर्जा प्रदान गर्नुभएकोमा मेरा आदरणीय गुरु एवं इतिहास तथा संस्कृति विभागका विभागीय प्रमुख प्रा. डा. दिल बहादुर क्षेत्रीज्यू प्रति कृतज्ञता टक्रयाउँछु । यस्तै आफ्नो कार्य व्यस्तताको बाबजुद पनि आफ्नो अमूल्य समय प्रदान गरी पटक पटक मार्गदर्शन र सुझाव उपलब्ध गराउनु हुने मेरा सोध निर्देशक सह-प्राध्यापक डा. राधा भण्डारी मुरी मुरी धन्यवादका पात्र हुनुहुन्छ । उहाँको सदासहायतालाई म आजीवन भुल्न सक्दिन । वस्तुपरक सूचना एवं जानकारी प्रदान गर्ने मन्दिर व्यवस्थापनका अध्यक्ष श्री चन्द्र बहादुर खत्री, सचिव श्री इन्द्र बहादुर श्रीस, पूर्व गा.वि.स.अध्यक्ष हिरालाल श्रीस, पूजारी धर्म न्यौपाने एवं गोविन्दप्रसाद घिमिरे को अपार सहयोग पनि उल्लेख नगरी रहन सक्दिन । अध्ययनको शिलशिलामा हरपल साथ दिने साथै स्थलगत फोटोग्राफी आवश्यक सल्लाह दिने  चुडामणी शर्मा, राम प्रसाद पौडेल, मेरा हितैषी मित्रहरु जयलाल शर्मा, खुमानन्द शर्मा, भिमलाल शर्मा, एवं सहयोगी एवम् मलाई सुझाव, सल्लाह, लेखन कार्यमा र कम्प्युटर टाइपमा विशेष सहयोग गर्ने भाइ देवेन्द्र घिमिरे लगायत अन्य सुझाव दाताहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । उहाँहरुप्रति सदा श्री सत्यवती मन्दिरको कृपा दृष्टि रहोस भनी अन्तरआत्मा देखि प्रार्थना गर्दछु । अध्ययन शिलशिलामा हरपल साथ दिने प्यारी धर्म पत्नी राधा पौडेलको अपार मायालाई उल्लेख गर्न पाउँदा म आफूलाई भाग्यमानी सम्झन्छु । साथै मेरा मुटुका टुका समानका छोरा शुरेस पौडेल, सुझाव पौडेल एवं छोरी मिरा पौडेलले आफ्नो स्तरवाट जे जति सहयोग प्रदान गरे त्यसको लागि हृदयदेखि नै आभार प्रकट गर्न चाहन्छु ।

शोधार्थी

नरिनारायण पौडेल

एम.ए. दोस्रो वर्ष

इतिहास तथा संस्कृति विभाग

पृथ्वीनारायण क्याम्पस

पोखरा, कास्की

# विषय-सूची


| | पृष्ठ |
|---|---|
| शीर्षक | |
| सिफारिस पत्र | |
| स्वीकृति पत्र | |
| प्राक्कथन | |
| विषयसूची | |
| **परिच्छेद-एक : परिचय** | (१-९) |
| १.१. शोध परिचय | १ |
| १.२. समस्याको कथन | २ |
| १.३. अध्ययनको उद्देश्य | ३ |
| १.४. अध्ययनको औचित्य र महत्व | ३ |
| १.५. अध्ययनको सीमा | ४ |
| १.६. पूर्व कार्यको समीक्षा | ४ |
| १.७. शोध विधि | ५ |
| १.८. अध्ययनको संगठन | ९ |
| **परिच्छेद-दुई : बागलुङ जिल्ला एवम् बाटाकाचौरको सामान्य परिचय** | (१०-२१) |
| २.१ बागलुङ जिल्लाको सामान्य परिचय | १० |
| २.२ बाटाकाचौर गाउँ विकास समितिको संक्षिप्त परिचय | १४ |
| २.३ सत्यवती मन्दिरको अवस्थिति | १६ |
| २.४ सत्यवती मन्दिरको उत्पत्ति सम्बन्धी किंबदन्ती | १७ |
| २.५ सत्यवती मन्दिरको ऐतिहासिकता | १८ |
| २.६ उत्पत्ति सम्बन्धी धारणा र यथार्थता | २० |
| **परिच्छेद-तीन : सत्यवती मन्दिरको परिचय** | (२२-३३) |
| ३.१ हिन्दु धर्मको सामान्य परिचय | २२ |
| ३.२ शाक्त धर्म | २३ |
| ३.३ सत्यवती मन्दिरको परिचय | २५ |
| ३.४ विभिन्न मन्दिर | २७ |
| ३.५ तल्ले शैलीका मन्दिरहरुको वास्तुकला | २८ |
| ३.६ तल्लेशैलीका मन्दिरहरुको वास्तुकला उत्पत्ति र विकास | २९ |

३.७ मन्दिरको वनोत र शैली ३२

३.८ मन्दिरको कुण्ड ३३

**परिच्छेद - चार : सत्यवती मन्दिरका विविध क्रियाकलापहरु (३४-३८)**

४.१ धार्मिक सांस्कृतिक क्रियाकलापहरु ३४

४.२ कर्मकाण्डीय क्रियाकलापहरु ३५

४.३ मनोरञ्जनका क्रियाकलापहरु ३६

४.४ विविध क्रियाकलापहरु ३६

४.५ पूजा व्यवस्थान र पुजारी ३७

**परिच्छेद-पाँच : सत्यवती मन्दिरको व्यवस्थापन पक्ष (३९-४६)**

५.१ पृष्ठभूमि ३९

५.२ मन्दिर व्यवस्थापन समितीको गतिविधि ४१

५.३ आयस्रोत ४२

५.४ यस समितिको गुरुयोजना ४३

५.५ धार्मिक, सांस्कृतिक एवम् वातावरणीय महत्व र विकासमा सम्भावनाहरु ४३

**परिच्छेद-छः सामाजिक, सांस्कृतिक जीवन र वातावरणमा श्री सत्यवती मन्दिर क्षेत्रको प्रभाव (४७-५५)**

६.१ पृष्ठभूमी ४७

६.२ धार्मिक प्रभाव ४८

६.३ सामाजिक एवम् साँस्कृतिक प्रभाव ४९

६.४ आर्थिक प्रभाव ५१

६.५ वातावरणीय प्रभाव ५१

**परिच्छेद-सातः निष्कर्ष र सुझाव (५६-५९)**

७.१ निष्कर्ष ५६

७.२ सुझावहरु ५८

**सन्दर्भ सूची (६०-६२)**

**परिशिष्ट**

**फोटाहरु**